पुर्वीचौकी गाउँपालिका

प्रदेश नं ७, सानागाउँ डोटी

# पुर्वीचौकी राजपत्र

खण्डः २ संख्याः ४ मितिः २०७५/३/१२

## भाग–१

## पूर्वीचौकी गाउँपालिका

नेपालको सविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभा र नगर सभालाई सविधानको अनुसुची ८ र अनुसुची ९ बमोजिम अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाउन सक्ने प्रावधान अन्तर्गत पुर्वीचौकी गाउँकार्यपालिकाले बनाएको विनियोजन ऐन, २०७५ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

# पुर्विचौकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, डोटी
# विनयोजन ऐन,२०७५

**गाउँ सभाबाट स्वीकृत मिति २०७५/३/१०**

**पुर्विचौकी गाउँपालिका, डोटी को आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** पुर्विचौकी गाउँपालिका, डोटीको आर्थिक बर्ष २०७५ र ७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पुर्विचौकी गाउँपालिका, डोटीको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम "पुर्विचौकी गाउँपालिका, डोटीको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५।७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१)**

आर्थिक वर्ष २०७५।७६को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम २८,८९,६०,२७०.०० (अक्षेरुपी रुपैयाँ आइस करोड उनान्नब्बे लाख साठी हजार दुइ सय सत्तरी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको

रकम आर्थिक वर्ष २०७५।७६को निमित्त पुर्विचौकी गाउँपालिका, डोटीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ

# पुर्बिचौकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, डोटी

## आय तथा व्ययको प्रक्षेपण

### अनुसूची १

| आर्थिक वर्ष : २०७५/७६ | | | रकम रू. हजारमा |
|---|---|---|---|
| शीर्षक | आर्थिक वर्ष २०७३/७४ को यथार्थ | आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान | आर्थिक वर्ष २०७५/७६ को अनुमान |
| राजस्व | - | - | २७,९९,६० |
| आन्तरिक स्रोत | - | - | १,३६,७३ |
| ११३१३ एकीकृत सम्पति कर | - | - | ५,०० |
| ११४७२ विज्ञापन कर | - | - | ९ |
| १४२४९ अन्य दस्तुर | - | - | ९,२३ |
| १४५२९ अन्य राजस्व | - | - | २,४० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | - | - | ६,७९,२५ |
| १४१७९ अन्य बाँडफाँड हुने राजस्व राजस्व बाँडफाँड - संघीय सरकाले | - | - | ६,७९,२५ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | - | - | २०,७३,६२ |
| संघीय सरकार | - | - | २०,०६,०० |
| १३३११ समानिकरण अनुदान | - | - | ८,१९,०० |
| १३३१२ शसर्त अनुदान | - | - | ११,८७,०० |
| प्रदेश सरकार | - | - | ६७,६२ |
| १३३११ समानिकरण अनुदान | - | - | ६७,६२ |
| वित्तीय व्यवस्था (प्राप्ति) | - | - | ० |
| अन्य आय | | | |
| जनसहभागिता | | | |
| | | | |
| व्यय | - | - | २८,८९,०० |
| चालु खर्च | - | - | १९,५३,७७ |
| २११०० पारिश्रमिक र सुविधा | - | - | १०,३८,०१ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा खर्च | - | - | ११,५० |
| २२१०० सेवा महसुल | - | - | ७,३५ |
| २२२०० पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | - | - | १९,५१ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | - | - | १७,४० |

| | | | |
|---|---|---|---|
| २२४०० सेवा तथा परामर्श खर्च | - | - | ५०,३१ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | - | - | १,३५,४१ |
| २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | - | - | ३५,८८ |
| २२७०० विविध खर्च | - | - | ३५,८४ |
| २५१०० सार्वजनिक संस्थाहरूलाई सहायता | - | - | १,३० |
| २५२०० व्यवसायहरूलाई सहायता | - | - | १,४० |
| २५३०० अन्य सहायता | - | - | ७७,७२ |
| २७२०० सामाजिक सहायता | - | - | ३१,३० |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | - | - | ८,५० |
| २८९०० भैपरी आउने चालु खर्च | - | - | २,३५ |
| पूंजीगत खर्च | - | - | १,३५,२३ |
| ३१११२ भवन निर्माण | - | - | ८८,०८ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | ४,५० |
| ३१११५ फर्निचर तथा फिक्चर्स | - | - | १३,०० |
| ३११२१ सवारी साधन | - | - | १,१५,०० |
| ३११२२ मेशिनरी तथा औजार | - | - | १,७५,३० |
| ३११५१ सडक तथा पूल निर्माण | - | - | १,७६,२० |
| ३११५३ विद्युत संरचना निर्माण | - | - | ३५,०० |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | - | - | ९,४५ |
| ३११५५ सिंचाई संरचना निर्माण | - | - | १४,३१ |
| ३११५६ खानेपानी संरचना निर्माण | - | - | ८६,८९ |
| ३११५७ वन तथा वातावरण संरक्षण | - | - | १,५० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | - | - | २४,५० |
| ३११७१ पूंजीगत सुधार खर्च सार्वजनिक निर्माण | - | - | ३९,५० |
| ३११७२ पूंजीगत अनुसन्धान तथा परामर्श | - | - | २०,०० |
| ३१५११ भैपरी आउने पूंजीगत | - | - | ५०,०० |
| बजेट बचत (+) र न्यून (–) | - | - | १,१९,४० |
| गत वर्षको नगद मौज्दात | - | - | १,२०,०० |

प्रमाणीकरण मिति : २०७५/३ /१२ आज्ञाले,

नाम : दिपक प्रसाद नगरकोटी

नि. प्रमुख प्रशासकीय अधिकृत